पाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

पत्र संख्या :
चलानी नं. :

## प्रेश विज्ञप्ति

दक्षिण एसियाली मुलुकका एक्सचेन्जहरुको छाता संगठन साउथ एसियन फेडेरेसन अफ एक्सचेन्जेज (सेफ) को १४ औं वार्षिक अधिवेशन तथा कार्यसमितिको बैठक आज मिति २०७६/०२/१७ गते सम्पन्न भएको छ । यससँगै सेफसँगको समन्वयमा नेपाल स्टक एक्सचेन्ज लिमिटेड र मर्कन्टायल एक्सचेन्ज नेपाल लिमिटेडको सह आयोजनामा 'मोर्डनाइजेसन अफ क्यापिटल मार्केट इन नेपाल एन्ड एक्रस द बोर्डर' विषयमा एक दिने छलफल कार्यक्रम पनि सम्पन्न भएको छ ।

सेफमा अफगानिस्तान, बंगलादेश, भुटान, भारत, श्रीलंका, नेपाल, पाकिस्तान, मरिसस र संयुक्त अरब एमिरेट्सका दोस्रो बजार सम्बद्ध संस्थाहरु आवद्ध छन् । यसको उद्देश्य पुँजी बजार विकासका लागि सूचना, ज्ञान तथा आपसी अनुभव आदन प्रदान गर्ने रहेको छ ।

शुक्रबार सम्पन्न सेफको १४ औं अधिवेशनमा सर्वसम्मतिबाट नयाँ कार्यसमितिको चयन भएको छ । जस अनुसार रोयल स्टक एक्सचेन्ज अफ भुटानका प्रमुख कार्यकारी अधिकृत दोर्जि फुन्ट्सो र मर्कन्टायल एक्सचेन्ज नेपाल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत जितेश सुरेन्द्रन आगामी दुई वर्षे कार्यकालका लागि सेफको क्रमश: अध्यक्ष र उपाध्यक्ष चुनिनु भएको छ । साथै, चिटगंग स्टक एक्सचेन्जका अध्यक्ष मेजर जेनरल मोहम्मद समिम चौधरी, ढाका स्टक एक्सचेन्जका प्रबन्ध निर्देशक के.ए.एम. मजेदुर रेहमान, बम्बई स्टक एक्सचेन्जका प्रमुख कार्यकारी अधिकृत आशिष कुमार चोहान, माल्दिभ्स स्टक एक्सचेन्जका प्रमुख कार्यकारी अधिकृत मोहम्मद औसन लतिफ, नेपाल स्टक एक्सचेन्जका प्रमुख कार्यकारी अधिकृत चन्द्रसिंह साउद, पाकिस्तान मर्कन्टायल एक्सचेन्जका प्रबन्ध निर्देशक ऐजाज अलि शाह, पाकिस्तान स्टक एक्सचेन्जका अध्यक्ष सुलेमान एस. मेहदी, कोलम्बो स्टक एक्सचेन्जका प्रमुख कार्यकारी अधिकृत राजिव वन्दरानाइके, सेन्ट्रल डिपोजिटेरी बंगलादेश लिमिटेडका प्रबन्ध निर्देशक शुभ्र कान्ति चौधरी र नेशनल क्लियरिङ कम्पनी अफ पाकिस्तान लिमिटेडका प्रमुख कार्यकारी अधिकृत महोम्मद लुकमान कार्य समिति सदस्य चयन भएका छन् । अधिवेशनले सेफको विधान संशोधन गर्नुका साथै संस्थाको पुनर्सरचना गर्ने, कार्य समितिको आगामी बैठक बस्ने स्थान तथा मिति तय गरेको छ । यसैगरी सेफ कार्यसमितिको बैठकमा प्रविधि, बजार प्रवर्द्धन तथा कारोबार जोखिम न्युनीकरण सम्बन्धी उपसमिति गठन गर्नुको साथै सूचना तथा ज्ञान

पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल ।
P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal.
Tel.: 4250755–59, 4250734–35 Fax: 4262538
email : info@nepalstock.com
यस लि. को साविकको नाम : नेपाल धितोपत्र विनिमय बजार लि.

# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

पत्र संख्या :
चलानी नं. :

प्रवर्द्धनमा आपसी सहकार्यलाई अघि बढाउने, निकट सहकार्यका लागि प्रत्येक सदस्यले सम्पर्क व्यक्ति तोक्ने, सदस्य एक्सचेन्जहरुमा कार्यरत कर्मचारीहरु तथा पुँजी बजार जनशक्तिको क्षमता अभिवृद्धिका लागि तालिम तथा अन्तर्क्रियाको व्यवस्था गर्ने निर्णय भएको छ । यसका लागि सेफका ठूला सदस्य एक्सचेन्जहरुलाई अनुरोध गर्ने निर्णय समितिले गरेको हो ।

यसैगरी 'मोर्डनाइजेसन अफ क्यापिटल मार्केट इन नेपाल एन्ड एक्रस द बोर्डर' विषयक छलफल कार्यक्रम चार सत्रमा सञ्चालन भएको थियो । पहिलो सत्रमा बैकिङ क्षेत्र र पुँजी बजारको सबलिकरण विषयमा छलफल भएको थियो भने दोस्रो सत्रमा स्टक एक्सचेन्ज सञ्चालनको सुधारका लागि यसको आधुनिकीकरणको विषयमा छलफल भएको थियो । तेस्रो सत्र नयाँ कम्पनीलाई स्टक एक्सचेन्जमा सूचीकृत गर्नका लागि आकर्षित गर्ने तथा सर्वसाधारण लगानीकर्ताका लागि नयाँ कारोबारयोग्य औजारको व्यवस्था गर्ने विषयमा केन्द्रीत थियो । चौथो सत्रमा फराकिलो पुँजी बजार संरचना निर्माण गर्ने विषयमा छलफल भएको थियो । छलफल कार्यक्रममा बंगलादेश, भारत, भुटान, मालदिभ्स, श्रीलंका र नेपालका पुँजी बजार, बैकिङ, बिमा तथा अन्य वित्तीय क्षेत्रका प्रतिनिधि, दुई पक्षीय तथा बहुपक्षीय दातृ निकायहरुका प्रतिनिधिको सहभागिता थियो । यस कार्यक्रमको विस्तृत प्रतिवेदन नेप्सेले प्राप्त गर्नेछ ।

मिति : २०७६/०२/१९

मुराहरि पराजुली
(प्रवक्ता)

पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल ।
P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal.
Tel.: 4250755–59, 4250734–35 Fax: 4262538
email : info@nepalstock.com
यस लि. को साविकको नाम : नेपाल धितोपत्र विनिमय बजार लि.